आज मिति २०७४ माघ २५ गतेका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णयहरु निम्नानुसार रहेको छ ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| - | नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थि |
| - | नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - | वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - | वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - | वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - | वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - | वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - | वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - | वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - | वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - | वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - | वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - | वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | अनुपस्थि |
| - | कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | उपस्थित |
| - | कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - | कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - | कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - | कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - | सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |
| - | वरिष्ठ आ.ले.प अधिकृत | श्री कुमारकन्चन जि.री | ,, |
| - | लेखा अधिकृत | श्री मेघनाथ आचार्य | ,, |
| - | इन्जिनियर | श्री रबिन्द्रलाल मूल | |
| - | कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | |
| - | शाखा अधिकृत | श्री कृष्णराज घिमिरे | |
| - | ना.सु | श्री भेषराज तिवारी | |

**निर्णय नं १:** स्थानीय सरकार संचालन ऐन २०७४ जारी भएपश्चात पहिलो नगर सभाबाट पारित भएका निम्न ऐन, नियम, निर्देशिका, कार्यविधि र दिग्दर्शनहरुलाई नयाँ ऐन अनुसार संसोधन तथा परिमार्जन गर्न नगर सभा समक्ष अनुमोदनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

(१) व्यास नगरपालिकाका पदाधिकारीहरुको आचार संहिता २०७४ ।
(२) व्यास नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियम २०७४ ।
(३) व्यास नगरपालिकाको कार्य सम्पादन सम्बन्धमा व्यवस्था गर्न बनेको नियम २०७४
(४) व्यास नगर कार्यपालिकाको कार्य विभाजन सम्बन्धमा व्यवस्था गर्न बनेको नियम २०७४
(५) व्यास नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७४
(६) व्यास नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को संचित कोषवाट खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७४
(७) व्यास नगरपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४

**<u>निर्णय नं २:</u>** स्थानीय सरकार संचालन ऐन २०७४ जारी भएपश्चात निम्न अनुसारको नयाँ ऐन, नियम नियमावली, निर्देशिका, कार्यविधिहरु निर्माण गर्न आवश्यक भएकाले नगर सभा समक्ष अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।
(१) व्यास नगर शिक्षा नियमावली २०७४
(२) व्यास नगरपालिकाको सहकारी ऐन २०७४
(३) व्यास नगरपालिका न्यायीक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७४
(४) व्यास नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४
(५) व्यास नगरपालिकाको एफ.एम. रेडियो (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७४
(६) व्यास नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७४
(७) व्यास नगरपालिकाको स्थानीय कृषि व्यवासय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७४
(८) व्यास नगरपालिका फोहरमैला व्यवस्थापन सम्बन्धी ऐन २०७४

**<u>निर्णय नं ३:</u>** स्थानीय सरकार संचालन ऐन २०७४ जारी भएपश्चात पहिलो नगर सभाबाट गठन भएका निम्न समितिहरुलाई स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार पूर्णता दिन र लेखा समिति नयाँ गठन गर्न नगर सभा समक्ष अनुमोदनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**<u>(क) स्रोत अनुगमन तथा बजेट सीमा निर्धारण समिति:</u>**

| | |
|---|---|
| (१) प्रमुख श्री वैकुण्ठ न्यौपाने | संयोजक |
| (२) उप प्रमुख श्री मिरा जोशी | सदस्य |
| (३) श्री तमबहादुर दरै | सदस्य |
| (४) श्री विश्वराज न्यौपाने | सदस्य |
| (५) श्री तुलसीराम सापकोटा | सदस्य |
| (६) श्री चन्द्रमाया परियार | सदस्य |
| (७) प्रमुख प्रशासकीय अधिकृत श्री हरिप्रसाद वांस्तोला | सदस्य सचिव |

**<u>(ख) बजेट तथा कार्यक्रम तर्जुमा समिति:</u>**

| | |
|---|---|
| (१) उप प्रमुख श्री मिरा जोशी | संयोजक |
| (२) श्री काशीराम श्रेष्ठ | सदस्य |
| (३ श्री विश्वराज न्यौपाने | सदस्य |
| (४) श्री मोहनकुमार श्रेष्ठ | सदस्य |
| (५) श्री सूर्यभक्त भण्डारी | सदस्य |
| (६) श्री सतिशचन्द्र न्यौपाने | सदस्य |
| (७) श्री काजीमान श्रेष्ठ | सदस्य |
| (८) प्रमुख प्रशासकीय अधिकृत श्री हरिप्रसाद वांस्सतोला | सदस्य |

(१०) (योजना शाखा प्रमुख) इन्जिनियर रविन्द्रलाल मुल सदस्य सचिव

**<u>(ग) स्थानीय राजश्व परामर्श समिति:</u>**

| | |
|---|---|
| (१) उप प्रमुख श्री मिरा जोशी | संयोजक |

(२) प्रमुख प्रशासकीय अधिकृत श्री हरिप्रसाद वांस्तोला सदस्य
(३) श्री तोत्रबहादुर कुंवर सदस्य
(४) श्री नरीमाया राना सदस्य
(५) श्री राजकुमार श्रेष्ठ (राकु) सदस्य (उ.वा. संघ दमौली बजार ईकाई)
(६) श्री बमवहादुर थापा सदस्य (घरेलु)
(७) श्री मेघनाथ आचार्य सदस्य सचिव

**निर्णय नं ४:** यस व्यास नगरपालिका कार्यालयका लागि आवश्यक हलुका सवारी चालक (ट्याक्टर ड्राइभर) पदमा छनौट समितिको सिफारिस अनुसार मासिक रु.१५,०००। (पन्ध्र हजार रुपैया) मात्र तलब भत्ता दिने गरी व्यास नगरपालिका वडा नं १० बस्ने हरिबहादुर वोटेलाई नियुक्ति दिने निर्णय गरियो

**निर्णय नं ५:** यस न.पा.को आ.व.२०७४/०७५ को कार्यक्रम तथा बजेटमा आयतर्फ रु.१,११,२७,७०,५४८।४५ र व्ययतर्फ १,११,२७,७०,५४८।४५ को कार्यक्रम तथा बजेट संशोधन गर्न दोस्रो नगर सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६:** यस आ.व २०७४/०७५ को २०७४ श्रावणदेखि हालसम्म कार्यपालिका बोर्ड वैठकबाट तोक आदेशद्धारा खर्च भएको बजेट र निर्णयहरुलाई अनुमोदन गर्न नगर सभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ७:** यस व्यास नगरपालिकाको आर्थिक प्रशासन शाखामा लेखा अधिकृत संघीय कानून अनुसार कर्मचारी समायोजन हुदाँ आउने देखिएकोले कार्यरत लेखा अधिकृत मेघनाथ आचार्यले लेखा अधिकृत पदबाट शाखा अधिकृत पदमा पद परिवर्तन गरी पाउँ भनी निवेदन दिनु भएको र नयाँ संरचना अनुसार शाखाहरु धेरै भएकाले शाखा अनुसार अधिकृतको व्यवस्था गर्न उपयुक्त हुने हुँदा निजको माग अनुसार लेखा अधिकृत पदबाट शाखा अधिकृत पदमा पद परिवर्तन गर्न नगर सभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ८:** यस व्यास नगरपालिकामा नगर प्रहरीको संख्या ज्यादै न्यून भएको कारण वोर्डका निर्णयहरु, न्यायिक समितिका निर्णयहरु कार्यान्वयन गर्न, फुटपाथ व्यवस्थापन गर्न र कार्यालय सुरक्षा गर्न ज्यादै कठिनाई हुन गएकाले १५ जना (महिला ५ र पुरुष १०) नगर प्रहरीहरु सेवा करारमा लिने गरि दरबन्दी सिर्जना गर्न नगर सभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ९:** यस न.पा. LGCDP कार्यक्रम अन्तर्गत रहेका सामाजिक परिचालकहरुको मिति २०७४।९।१६ देखि LGCDP कार्यक्रम फेजआउट भएकाले मिति २०७४।९।१७ देखि २०७५ आषाढ मसान्तसम्म तिनीहरुको सेवालाई निरन्तरता दिने र तिनीहरुको तलब न.पा.को आन्तरिक स्रोतबाट व्यहोर्ने निर्णय हुन नगर सभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं १०:** आ.व. २०७३/०७४ को म.ले.प. डोरबाट प्राप्त प्रतिवेदन बैठकमा पेश भई छलफल गरियो । सो प्रतिवेदन उपर छलफल गर्न डोरबाट प्राप्त सुझावहरु आगामी समयमा सुधार गर्दै जाने गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निणर्य नं ११:** व्यास नगरपालिकाको २८ औं एवं स्थानीय तहको पुर्नसंरचना पछिको दोस्रो नगर सभामा नगर प्रमुखद्वारा प्रस्तुत संशोधित बजेट तथा कार्यक्रम २०७४ उपर छलफल गरी पारित गरियो । साथै उक्त प्रतिवेदन नगर सभाद्वारा अनुमोदनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं १२:** साविकमा यस नगरपालिका कार्यालयमा कामकाज गर्दै आएका र हाल दमौली खानेपानी तथा सरसफाई उपभोक्ता समितिमा विभिन्न पदका कर्मचारीहरुको सेवा सुविधा प्रदान गर्दा स्थायी अवधिदेखि न.पा.मा गरेको सेवा अवधिसम्मको गणना गरी न.पा.बाट उपलव्ध गराउने र दमौली खानेपानी तथा सरसफाई उपभोक्ता संस्थामा काज खटिएको देखि २०७४ पौष मसान्तसम्मको हिसाब गरी ५० प्रतिशत रकम मात्र न.पा.द्वारा व्यहोर्ने निर्णय गरियो ।